
# मन्थन


पुस्तक समीक्षा





द मोंक हु सोल्ड हिज फेरारी ५०




सोल्ड ५२





रिजिलियन्स ५४




द पलिटिक्स अफ क्लाइमेट चेन्ज ५६

## हिलारीको ह्वाइट–हाउस संस्मरण





पुस्तक : *लिभिङ हिस्ट्री*

लेखक : हिलारी रोधम क्लिन्टन

प्रकाशक : हेडलाइन पब्लिसिङ ग्रुप, २०१२

पृष्ठ : ६२९

ISBN: 978-0-755-36467-1



समीक्षक : आत्माराम पाण्डे


संयुक्त राज्य अमेरिकाको आउँदो राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार बन्न लागेकी हिलारी क्लिन्टन अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टनकी धर्मपत्नी हुन् । बिल क्लिन्टन जनवरी १९९३ देखि डिसेम्बर २००१ सम्म अमेरिकाको राष्ट्रपति थिए । त्यस बेला हिलारी ह्वाइट हाउसमा प्रथम महिलाको रूपमा रहँदाको संस्मरणात्मक ग्रन्थ हो *लिभिङ हिस्ट्री*।

बिल क्लिन्टन राष्ट्रपति हुँदा अमेरिका राजनीतिक एवं सामाजिक परिवर्तनको सँघारमा थियो । सोभियत युनियन विघटन भइसकेको थियो । इराकसँगको पहिलो युद्ध सकिएको थियो । इन्टरनेट र वर्ल्डवाइड वेबको प्रयोग उर्लंदो रूपमा हुन थालेको थियो। फ्रान्सिस फुकुयामा जस्ता राजनीतिशास्त्रीहरूले 'साम्यवादी व्यवस्थाको अन्त्य र नवउदारवादी व्यवस्थाले विजय' को घोषणा गरिसकेका थिए।

४० परिच्छेदमा विभाजित ७ सय ५४ पृष्ठको यो कृतिमा प्रस्तुत हिलारीका संस्मरणहरू स्वत:स्फूर्त रूपमा अगाडि बढेका छन्। घटनाहरूको वर्णन सहज लाग्छ। भाषा सरल छ। सान्दर्भिक प्रसंगहरूले कृतिलाई झन् रोचक बनाएका छन्। त्यस समय हिलारीले ह्वाइट हाउसमा गरेका अनुभव, तत्कालीन राष्ट्रपतिले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भोग्दै गरेका चुनौती र आफ्नै पारिवारिक जीवनका अनुभूतिहरू यस पुस्तकमा समेटिएका छन्।

हिलारीले आफ्नो बाल्यकाल र विद्यार्थी अवस्था, बिलसँगका प्रेम प्रसंग, विवाहको प्रस्ताव र आफ्नो वकालती जीवनका अनुभवहरू पनि उल्लेख गरेकी छन्। मुख्यत: बिल क्लिन्टनको पहिलो र दोस्रो राष्ट्रपति चुनाव अभियान, सफलताका प्रेरक प्रसंगहरू, अमेरिकी जनताको स्वास्थ्य, शिक्षा र आर्थिक क्षेत्रमा गरिएका सुधार एवं बालअधिकारको संरक्षण तथा महिला सशक्तीकरणका पक्षमा हिलारी आफैले निर्वाह गरेको भूमिकाको समेत पुस्तकमा वर्णन गरिएको छ । अमेरिकी सिनेटका लागि हिलारीको आफ्नै चुनावी यात्रा, विजय र तत्पश्चात्का अनुभवहरू पनि पुस्तकमा संलग्न छन् । ह्वाइट हाउसमा रहँदा आफूले गर्न सकेका र नसकेका प्रयासहरूको पनि सविस्तार वर्णन गरिएको छ। यसमा चुनावी यात्राका कठिन क्षणहरू अनि राजनीतिमा मित्रहरूले जुटाएका सहयोग र सहानुभूतिका शृंखलाहरूको सजीव चित्रण भेटिन्छ।

### जीवनका केही प्रारम्भिक कुराहरू

केटाकेटी छँदा हिलारी कि शिक्षक, नभए आणविक वैज्ञानिक बन्ने रहर गर्थिन्। आणविक वैज्ञानिक बनेर रूसी वैज्ञानिकहरूसँग टक्कर लिने उनको बालसुलभ अपेक्षा थियो। बाबुआमाले हिलारीलाई सानैमा आफ्नो खुट्टामा उभिने अर्ती दिएका थिए। सानैदेखि उनको स्वभाव नेतृत्व लिने खालको थियो। विद्यार्थी कालमा 'कल्चर भ्यालु कमिटी' मा संलग्न भई उनले पहिलो पटक टेलिभिजनमा अमेरिकी बहुलवाद र अमेरिकी मान्यता तथा संस्कृतिका विषयमा बोल्न पाएकी थिइन्। उनको पहिलो बौद्धिक लेख 'चिल्ड्रेन अन्डर द लज' हार्वर्ड एजुकेसनल


पूर्णाङ्क–१४ : *शिक्षक* मासिक र आइसेट–नेपालको सहकार्यमा २०७१ कात्तिकबाट पुन: प्रकाशित हुन थालेको 'मन्थन' (पुस्तक समीक्षा) को यो तेस्रो अंक हो। यसको दोस्रो अंक २०७१ फागुनको *शिक्षक*मा समाहित छ। आइसेट–नेपालका तर्फबाट यस प्रकाशनको संयोजन कार्यकारी निर्देशक अजय दीक्षितले गर्दछन्।

रिभ्युमा सन् १९७४ मा छापिएको थियो। बाल विकास केन्द्र तथा अस्पतालको माध्यमबाट बालबालिकाको हक, हित संरक्षण तथा सर्वाङ्गीर्ण विकासका पक्षमा पनि उनी सरिक भइन्। यी घटनाहरूले उनको किताबमा महत्त्व पाएका छन्।

बिलसँगको उनको पहिलो भेट याले विश्वविद्यालयको कानून स्कुलको पुस्तकालयमा भएको थियो। बिस्तारै उनी बिलसँग नजिकिइन्। एक-अर्काबीच प्रेम बस्यो। उनीहरू बेलायत भ्रमणमा गए। त्यहाँ एउटा सुन्दर तालको किनारमा बिलले हिलारीसँग बिहे गर्ने प्रस्ताव राखे। तर, हिलारीले तत्काल प्रस्ताव स्वीकार गरिनन्। जिन्दगी र भविष्यबारे सोच्न समय मागिन्। आमाबाबुको सम्बन्धविच्छेदका कारण भोग्नुपरेका पीडाहरूको फेहरिस्त आमाबाट सानैमा सुनिसकेकी हुँदा वैवाहिक सम्बन्ध जीवनपर्यन्त कायम हुनुपर्ने उनको दृढ धारणा थियो। अन्ततः एक-अर्कासँग छुट्टिन नसक्ने गरी प्रेममा डुबिसकेका ती जोडीले आफ्ना परिवार र शुभेच्छुक मित्रहरूको उपस्थितिमा सन् १९७५ अक्टोबर ११ मा विवाह गरे।

विवाहपछि बिल अर्कान्सास राज्यमा शिक्षक भएर काम गर्न थाले। हिलारीचाहिँ 'चिल्ड्रेन डिफेन्स फन्ड' मा संलग्न भइन्। उनको दायित्व थियो– घर-घरमा गई स्कुल जाने र नजाने बालबालिकाहरूको संख्या यकिन गर्नु। यो तथ्यांक बालबालिकाको शिक्षा सुधार्न सहयोगी भयो। जेलमा परेका बालबालिकाको न्यायका लागि पनि उनले पैरवी गरिन्। कतिपय ससाना बालबालिका आफ्ना आमाबाबुबाट पिटिएका, जलाइएका तथा विभिन्न शोषणमा परेका घटना थाहा पाएपछि उनलाई बालअधिकारको संरक्षणमा लाग्ने प्रेरणा मिल्यो।

## अमेरिकी प्रजातन्त्रको मर्म

राष्ट्रपति रिचर्ड निक्सनले राजीनामा दिन बाध्य हुनुपरेको वाटरगेट काण्डको अभियोग सावित गर्ने बहसकर्ताको समूहमा सम्मिलित भई काम गर्न पाएको जिम्मेवारीलाई हिलारीले आफ्नो जिन्दगीको एउटा महत्त्वपूर्ण ऐतिहासिक क्षण मानेकी छन्। यो घटनापछि अमेरिकी राजनीतिको मात्र होइन, हिलारीकै जीवनमा पनि नयाँ मोड शुरू भयो। राष्ट्रपति निक्सनको राजीनामालाई उनले अमेरिकी प्रजातान्त्रिक मूल्य र मान्यताको प्रत्याभूतिको द्योतकको रूपमा लिएकी छन्।

हिलारीको अनवरत साथले बिल क्लिन्टनलाई पनि उचाइमा पुऱ्याउन सहयोग गऱ्यो। हिलारीको *लिभिङ हिस्ट्री* हेर्दा घटनाका शृंखलाहरू यस्तै देखिन्छन्। बिल अर्कान्सास राज्यको एटर्नी जनरलमा विजयी भए र दुई पटक सो राज्यका गभर्नर बने। दुवै सफलतामा हिलारी बिलको सहयोगी भइन्। महिला, बालबालिका र परिवारका समस्याहरू सम्बोधन गर्ने प्रयासमा हिलारीको सहयोग बिलका लागि वरदान सावित भयो।

**ह्वाइट हाउसकी इन्टर्न मोनिका लेविन्स्कीसँगको यौन प्रकरणबारे हिलारी उल्लेख गर्छिन्, "म र छोरी चेल्सीका लागि त्यो क्षण ज्यादै दुःखद रह्यो। बिल मेरा जीवनसाथी र पति मात्र नभएर अमेरिकी जनताका राष्ट्रपति र भविष्य निर्माणको आधार पनि थिए। यस्तो बेला म आफ्नो वैवाहिक सम्बन्धलाई निरन्तरता दिने कि सम्बन्धविच्छेद गर्ने भन्ने द्विविधामै पुगेकी थिएँ।"**

छोरी चेल्सीको जन्मले यी दम्पतीको पारिवारिक जीवनमा ठूलो खुशी ल्यायो। क्लिन्टन दम्पतीले चेल्सीलाई सामान्य नागरिककी छोरीसरह हुर्काए। सामान्य स्कुलमा पढाए। छोरीका साथीहरूसँगको भेटघाट, मित्रता, खेल र संगीतप्रतिको प्रेममा दखल पुऱ्याएनन्। छोरीको स्वतन्त्रता र खुशीलाई प्राथमिकता दिए। हिलारी भन्छिन्, "कुनै पनि अप्रिय घटनाले चेल्सीलाई नराम्रो प्रभाव नपरोस् भन्नेतर्फ हाम्रो ध्यान सधैं केन्द्रित रह्यो।" सन् १९९३ मा बिल क्लिन्टन राष्ट्रपति भएर ह्वाइट हाउस प्रवेश गरे। अब उनी अमेरिकी राष्ट्रपतिकी धर्मपत्नीका नाताले प्रथम महिला त भइन् नै तर उनको अरू पहिचान पनि थियो– छोरीकी आमा, महिला र बालबालिका अधिकारकी अभियन्ता एवं व्यवसायी।

हिलारीले आफ्ना पति राष्ट्रपतिको चुनाव लडेका बेला प्रचारको क्रममा रिपब्लिकन पार्टीका नेताहरूले उनलाई 'ऱ्याडिकल फेमिनिस्ट एजेन्डा' बोकेर हिँडेको आरोप लगाएकोमा चित्त दुःखाएकी छन्। उनको विश्वास थियो– अमेरिकाका लागि दूरदृष्टि भएको, रोजगारी र आर्थिक विकासका सम्भावनाहरू पहिल्याउन सक्ने, स्वास्थ्य सेवा र शिक्षा सुलभ गराउन सक्ने र मुलुकको अन्तर्राष्ट्रिय छवि कायम राख्ने क्षमता बिल क्लिन्टनमा मात्र छ। चुनाव प्रचारका क्रममा किसान, व्यवसायी, बुद्धिजीवी तथा आमनागरिकसँगको भेटघाट, अन्तर्क्रिया र सभाहरूले बिल क्लिन्टनलाई अमेरिकी नागरिकका धारणा र विद्यमान समस्याहरूसँग परिचित गरायो। यसले राष्ट्रपतिमा विजयी भएपछि उनलाई यस्ता विषयबारे नीतिगत निर्णय लिन सहयोग पुगेको हिलारी आफ्नो पुस्तकमा उल्लेख गर्छिन्।

## ह्वाइट हाउसको विवरण

*लिभिङ हिस्ट्री*को अर्को चाखलाग्दो पक्ष ह्वाइट हाउसभित्रको संसारको सविस्तार वर्णन हो। प्रशासनिक काम तथा प्रथम महिलाका लागि ह्वाइट हाउसको क्रमशः पूर्वी र पश्चिमी लङ तोकिएका हुन्छन्। सुत्ने कोठा, बैठक, भान्छा, बगैँचा तथा करेसाबारीहरूको व्यवस्थापनमा दक्ष कर्मचारीहरू खटिएका हुन्छन्। हिलारीले ह्वाइट हाउसमा आयोजना हुने विभिन्न समारोहमा तयार हुने स्वादिष्ट खानाहरूको पनि वर्णन गरेकी छन्। हिलारी भन्छिन्, "प्रथम महिलाको भूमिका र काम यस्तो हुनुपर्छ भन्ने कुनै दस्तावेज छैन। यो कुनै आधिकारिक र औपचारिक पद पनि होइन। सार्वजनिक जीवनमा चाहिँ सञ्चारमाध्यमले आवश्यकताभन्दा बढी सरोकार राख्ने गर्छन्। प्रथम महिलाको औपचारिकताभित्र व्यक्तिगत स्वतन्त्रताको हनन हुन्छ। आफूलाई सुरक्षा सञ्जालभित्र सीमित गर्नुपर्दा आफ्नो निजी जीवनको स्वतन्त्रता पनि कुण्ठित भएको अनुभूति हुन्छ।" र पनि उनको निष्कर्ष छ– प्रथम महिलाले राष्ट्रपतिलाई आफ्नो कर्तव्य र दायित्व निर्वाहमा निकै सहयोग गर्न सक्छिन्।

## स्वास्थ्य सेवा र महिला हक

विद्यार्थी अवस्थादेखि नै हिलारी स्वास्थ्य सेवाको सुधार गर्ने कुरामा कटिबद्ध थिइन्। अमेरिकामा राष्ट्रपति रुजवेल्टको शासनकालमा स्वास्थ्य बीमाको प्रावधान शुरू भएको थियो। तर, सेवाले व्यापकता पाउन नसकेको भन्ने जनताको व्यापक गुनासो थियो। बिल क्लिन्टनले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्योपचार सेवाको सुधारलाई कानूनी दायरामा ल्याए। स्वास्थ्य सुरक्षा कार्ड वितरण गरी आमनागरिकलाई स्वास्थ्य सेवाको प्रत्याभूति दिलाउने काम पनि गरे। उनलाई सफलता दिलाउन हिलारीले अनवरत मिहिनेत र प्रयास गरेकी थिइन्।

दोस्रो पटकको राष्ट्रपति चुनावमा पनि बिल क्लिन्टनलाई

सफलता मिल्यो। त्यस बेलाको चुनावी रणनीति र सरकारका भावी कार्यदिशाहरूबारे हिलारीको सोचले अग्रता पाएको थियो। प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्दै विश्वमा शान्ति र स्थिरता कायम गर्नु अमेरिकी राष्ट्रपतिको चुनौती रहेको हिलारीको ठहर छ।

इजरायल र प्यालेस्टाइनबीच लामो युद्धपछिको शान्ति सम्झौतालगत्तै इजरायलका तत्कालीन प्रधानमन्त्री रविन र प्यालेस्टाइनी नेता अराफातलाई स्वागत गरेको क्षण एवं मदर टेरेसा र दक्षिण अफ्रिकाका राष्ट्रपति नेल्सन मन्डेलासितको भेटलाई हिलारीले ह्वाइट हाउसमा रहँदाका आफ्ना ज्यादै महत्त्वपूर्ण र उल्लेखनीय अनुभवका रूपमा लिएकी छन्। यी भेटलाई हिलारी आफ्नो पुस्तकमा सर्वाधिक खुशीका क्षणको रूपमा उल्लेख गर्छिन्।

'चीनमा मानव अधिकारको हनन भइरहेको र महिलालाई समान अधिकार प्राप्त नभएको अवस्थामा पनि संयुक्त राष्ट्र संघले सन् १९९५ मा बेइजिङमा विश्वव्यापी महिला सम्मेलन आयोजना गरेको थियो।' महिला अधिकारका लागि पैरवी गर्दै सम्बोधनको मस्यौदा तयार गर्दा यो महत्त्वपूर्ण सम्मेलन भइरहेको चीनमै महिलाको अवस्था सन्तोषजनक नभएको कुराले आफूलाई निकै दुःख लागेको हिलारीको अनुभूति छ। दक्षिण एसियाको भ्रमणका सिलसिलामा पाकिस्तानमा महिलाहरूप्रति भएको असमान व्यवहारले उनी आश्चर्यचकित हुन्छिन् भने भारतको गुजरातमा 'सेवा' नामक संस्थाको माध्यमबाट महिलाहरूको आयवृद्धि कार्यक्रम मार्फत सशक्तीकरण भएको प्रसंगले उनी प्रभावित हुन्छिन्। थाइल्यान्डमा महिलालाई यौन व्यवसायमा संलग्न गराइने परम्पराप्रति हिलारीले दुःख व्यक्त गरेकी छन्। महिलालाई पुरुषसरह हरेक क्षेत्रमा अधिकार दिलाउन अझै प्रयास हुनुपर्ने उनको धारणा छ।

## बिल क्लिन्टनको यौन प्रकरण

राष्ट्रपति बिल क्लिन्टनको यौन प्रकरणको घटनाले आफू र आफ्नो परिवारलाई ज्यादै दुःखी र विचलित तुल्याएको पीडा पनि पुस्तकमा अभिव्यक्त छ। अर्कान्सासको गभर्नर हुँदा बिलको पाउला जोन्ससँग अवैध यौन सम्बन्ध रहेको चर्चामा बिलको स्वीकारोक्ति थिएन तर पनि जोन्स कानूनी लडाइँमा उत्रिइन्। ह्वाइट हाउसकी इन्टर्न मोनिका लेविन्स्कीसँगको यौन प्रकरण अखबार, टेलिभिजन लगायत आमसञ्चार माध्यममा व्यापक रूपमा फैलिएपछि त्यसले क्लिन्टन परिवारमा झन् ठूलो हलचल ल्यायो। राष्ट्रपति क्लिन्टन आफ्नो परिवार र सम्पूर्ण अमेरिकी जनतासामु आफ्नो गल्तीका लागि क्षमा माग्न बाध्य भए। हिलारी उल्लेख गर्छिन्, "म र छोरी चेल्सीका लागि त्यो क्षण ज्यादै दुःखद रह्यो। बिल मेरा जीवनसाथी र पति मात्र नभएर अमेरिकी जनताका राष्ट्रपति र भविष्य निर्माणको आधार पनि थिए। यस्तो बेला म आफ्नो वैवाहिक सम्बन्धलाई निरन्तरता दिने कि सम्बन्धविच्छेद गर्ने भन्ने द्विविधामै पुगेकी थिएँ। त्यस परिस्थितिमा आमसञ्चार माध्यमको आक्रमणबाट बच्न मैले आफूलाई ज्यादै संयमित राख्नुपर्‍यो।" हिलारी भन्छिन्, "अन्ततः अमेरिकी जनतासँग क्षमायाचना गरी प्रतिकूल परिस्थितिलाई साम्य गर्नुपर्ने बाध्यता उत्पन्न भयो।"

## उत्प्रेरणा

वास्तवमा, जिन्दगीमा अनेक खाले घटनाहरू आउँछन्-जान्छन्। तर, अमेरिकी राष्ट्रपतिको सेरोफेरोका प्रत्येक साना-ठूला घटनाचाहिँ विश्वमै चर्चाको शिखरमा रहन्छन्। यथार्थमा, अमेरिकी प्रथम महिलाको हैसियतमा हिलारी क्लिन्टनको भूमिका महत्त्वपूर्ण थियो। राष्ट्रपतिका प्रत्येक कदम र कार्यक्रममा उनको सक्रिय सहभागिता त रहने भयो नै, उनको आफ्नै राजनीतिक जीवनका लागि पनि यसले उपलब्धिमूलक योगदान दियो। आफ्नो क्षमता र बहुआयामिक व्यक्तित्वले गर्दा हिलारी न्यूयोर्कबाट अमेरिकी सिनेटमा चुनिइन्। उनी राष्ट्रपति पदकी प्रत्यासी थिइन् तर वर्तमान राष्ट्रपति बाराक ओबामासित डेमोक्र्याटिक पार्टीको चुनावमा हारिन्। तत्पश्चात् ओबामा सरकारको विदेशमन्त्री बन्न पुगिन्। आफू विदेशमन्त्री रहँदा उनले एसिया र अफ्रिकाका भोक र रोगबाट पीडित बालबालिकालाई कुपोषणबाट मुक्त गर्न पोषण कार्यक्रमको सहयोग विस्तार गरिन्। प्रथम महिलाको हैसियतले ह्वाइट हाउस छाडेपछि पनि हिलारीको राजनीतिक व्यक्तित्वको उचाइ भने दिनहुँ बढ्दो छ। अमेरिकी जनताको मुहार हँसिलो पार्ने सपना बोकेर उनी सन् २०१६ देखिको अवधिका लागि राष्ट्रपति पदकी प्रत्यासी बन्ने अभियानमा लागिसकेकी छन्।


**शिक्षा एवं संस्कारले कुनै पनि व्यक्तिको जीवनमा उच्चतम आत्मविश्वास पैदा हुन्छ र निरन्तरको प्रयासले उद्देश्य प्राप्त गर्ने बाटो खोल्छ भन्ने शिक्षा दिने हिलारीको संस्मरणात्मक पुस्तक *लिभिङ हिस्ट्री* प्रेरणादायी पुस्तक हो।**

शिक्षा एवं संस्कारले कुनै पनि व्यक्तिको जीवनमा उच्चतम आत्मविश्वास पैदा हुन्छ र निरन्तरको प्रयासले उद्देश्य प्राप्त गर्ने बाटो खोल्छ भन्ने शिक्षा दिने हिलारीको संस्मरणात्मक पुस्तक *लिभिङ हिस्ट्री* प्रेरणादायी पुस्तक हो।

**समीक्षक पाण्डे नेपाल सरकारका पूर्वसचिव हुन्। उनी नीति-निर्माण र विपत् व्यवस्थापनका विषयमा विशेष रुचि राख्छन्।**



# ज्ञान, आनन्द र प्रेरणाको त्रिवेणी




पुस्तक : *द मोंक हु सोल्ड हिज फेरारी*
लेखक : रविन शर्मा
प्रकाशक : हार्पर कोलिन्स पब्लिसर्स, २००७
पृष्ठ : १९६
ISBN: 978-81-7992-706-9

समीक्षक : सृष्टि सिलवाल

उनलाई कुनै कुराको अभाव छैन। पेशाले वकील, भव्य महल, शानदार मोटर कार (फेरारी) र अथाह सम्पत्ति छ। तर, जब जीवन नै अति व्यस्त भएर बित्छ भने यी साधन हुनु र नहुनुको केही अर्थ रहन्न भन्ने कुराको अनुभूति मेन्टललाई त्यस बेला हुन्छ, जब अचानक अदालत परिसरमा उनलाई हृदयाघात हुन्छ। स्वास्थ्य लाभका लागि लामो समय आराम गर्दा उनलाई शारीरिक मात्र होइन, मानसिक आवश्यकताको पनि अनुभव हुन्छ। त्यसैले रोग निको भएपछि आध्यात्मिक आनन्द र सन्तुष्टिको खोजीमा उनी भारतको यात्रा गर्छन्। यात्राको क्रममा शिवाना भन्ने ठाउँमा योगी र सन्तहरूसँग उनको भेट हुन्छ। त्यहींबाट उनको नयाँ जीवनयात्रा प्रारम्भ हुन्छ।

## लेखक स्वयंका बारेमा

उनी अर्थात् जुलियन मेन्टल *द मोंक हु सोल्ड हिज फेरारी*का प्रमुख पात्र हुन्। मेन्टललाई कथाको मुख्य पात्र बनाउने लेखक रविन शर्मा आफै पनि पेशाले वकील हुन्। यी विश्वविख्यात लेखक 'शर्मा लिडरसीप इन्टरनेसनल इन्क' नामको परामर्श केन्द्रका संस्थापक एवं प्रमुख हुन्। उनको कम्पनीले माइक्रोसफ्ट, जनरल इलेक्ट्रिक, नाइके, फेडेक्स, आइबिएम, नासा, हार्वर्ड बिजनेस स्कुल र विश्वविद्यालयहरूमा कार्यरत व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्ने परामर्श सेवा प्रदान गर्छ। रविनका १० भन्दा बढी पुस्तकहरू प्रकाशित छन्। लेखक बन्नुअघि उनी क्यानाडाको सर्वोच्च अदालतमा सरकारी वकील थिए।

रविनले आफ्नै प्रयासमा पहिलो पुस्तक प्रकाशन गरे, जसको सम्पादन उनकी आमाले गरेकी थिइन्। दोस्रो पुस्तकका लागि प्रकाशकको खोजीका क्रममा हार्पर कोलिन्स कम्पनीका अध्यक्ष एड कार्सनसँग उनको भेट भयो। कार्सनलाई पाण्डुलिपि मन पर्‍यो र हार्पर कोलिन्सले *द मोंक हु सोल्ड हिज फेरारी* नामको यो पुस्तक छाप्यो। पुस्तक रुण्डै ३० लाख प्रति बिक्यो। अहिले यो पुस्तक ६० देशका ७० भाषामा प्रकाशित भइसकेको छ। यति ठूलो संख्यामा पाठक पाएका रविन शर्मा कति सन्तुष्ट होलान्? यो छुट्टै अनुमानको विषय हो।

उता भारत भ्रमणको क्रममा योगीहरूसँगको संगतपछि रविनका पात्र मेन्टल आफ्नो उद्देश्य अनुरूपको शान्त जीवन यापन गर्ने विधि सिक्न सफल हुन्छन्। उनी आफ्नो अनुभव आफ्नै सहकर्मी जोनसँग साट्छन्। पुस्तकले व्यक्तिको अभिलाषा, सपना र परिकल्पनालाई ध्यानमा राखेको छ। व्यक्तिभित्र लुकेको प्रतिभा निखार्ने सम्भावनाको बाटो पनि देखाएको छ। १३ वटा अध्यायमा विभाजित यस पुस्तकको आकर्षक लेखनशैलीले पाठकलाई सहजै तानिरहन्छ।

## मन अर्थात् सुन्दर बगैँचा

पुस्तकमा मनको प्रतीकका रूपमा बगैँचालाई चित्रण गरिएको छ। 'मनको गुरु' शीर्षकमा लेखकको ठहर छ– आफ्नो मनलाई सुन्दर बगैँचाझैँ हेरचाह र विकास गरे यो स्वस्थ बन्नेछ। बगैँचाको रूपमा स्याहार गर्‍यो भने जस्तोसुकै परिस्थितिमा पनि एक्लै सही निर्णय गर्न सक्ने क्षमताको विकास हुन्छ। सकारात्मक विचारले जीवनलाई सफलताको शिखरमा पुर्‍याउन उत्प्रेरित गर्छ। हरेक खालका अनुभव सिक्नका लागि मौका हुन्, जसले मानिसलाई अघि बढ्न र माथि पुग्न सिकाउँछन्। आनन्द प्राप्त गर्ने तरिका गाह्रो छैन। यसका लागि आफूलाई के गर्न मन लाग्छ भन्ने कुराचाहिँ पत्ता लगाउनुपर्छ। त्यसपछि आफूसँग भएको ऊर्जालाई आफूले तय गरेको उद्देश्य हासिल गर्ने दिशामा लगाउनुपर्छ।

## आनन्दको वास्तविक स्रोत

स्पष्ट रूपमा परिभाषित गरिएका प्राथमिकता र लक्ष्य नै मानिसको जीवनका उद्देश्य हासिल गर्ने आधार हुन्। उद्देश्यको पालनामा लेखकलाई लाग्छ, 'लाइट हाउस' ले समुद्रमा जहाजलाई दिशा देखाए जस्तै उद्देश्य तय गर्नाले जीवनको बाटो स्पष्ट हुन थाल्छ। मानिसको जीवनमा आनन्दको वास्तविक स्रोत नै 'उपलब्धि' भन्ने शब्द हो। आफ्नो लक्ष्यमा निर्धक्क र निरन्तर अगाडि बढ्नाले चिरस्थायी आनन्द प्राप्त हुन्छ। भावनात्मक, भौतिक, शारीरिक वा आध्यात्मिक– कस्तो सन्तुष्टि प्राप्त गर्ने भन्ने प्रश्नको जवाफले नै व्यक्तिलाई आफ्नो गन्तव्यमा पुर्‍याउँछ।

जीवनपद्धति सुधार गर्न चाहने जोकोहीलाई लेखकको सुझाव छ, आफ्नो जीवनको उद्देश्य के हो? सो कुरा लिपिबद्ध गर्नुपर्छ। मनुष्यका मस्तिष्कमा एक दिनमा औसत ६० हजार विचार सिर्जना हुन्छन् तर एउटा विचार मात्रै महत्त्वपूर्ण हुन्छ। कागजमा विचार लिपिबद्ध गरेर त्यसलाई अचेतन मनमा पठाई लक्ष्य प्राप्तिमा केन्द्रित हुन सक्ने मनले अवसर खोज्न शुरू गर्नेछ। यो बाटो मिसाइलले लक्ष्य भेदन गर्न अघि बढे जस्तै हो। यसो गर्नाले व्यक्तिलाई आफ्नो वास्तविक क्षमता बुझ्न सहयोग पुग्छ। जीवनको हरेक परिस्थितिमा आत्मसन्तुष्टि प्राप्त गर्ने यो नै पहिलो पाइलो हो।

लक्ष्य प्राप्त गर्ने बाटो पहिल्याउन लेखक रविनको सुझाव छ–

- स्पष्ट मानसिक छविको निर्माण गर।
- आफैलाई सकारात्मक दबाब देऊ।
- समयसीमा निर्धारण गर।
- कागजमा मुख्य विचार लेखेर राख।
- २१ नियमको अवलम्बन गर (विचारलाई बानीमा रूपान्तरण गर्न कुनै पनि नयाँ व्यवहारलाई २१ दिनसम्म लगातार प्रयोग गर्नुपर्छ)।

## 'काइजेन' अर्थात् आत्मविस्तार

लेखकले जापानी शब्द 'काइजेन' सापटी लिएर पुस्तकमा निरन्तर आत्मविस्तार र प्रगतिको तरिका सिकाएका छन्। जापानी भाषामा 'काइजेन' शब्दको अर्थ नै निरन्तर आत्मविस्तार र प्रगति हो। पुस्तकले काइजेन अभ्यासका केही विधिहरू प्रस्तुत गरेको छ–

- काइजेनको पहिलो विधि एकान्त वास हो। एकान्त वास र ध्यानले व्यक्तिलाई रचनात्मक स्रोतसँग जोड्छ र विवेकको असीमित ब्रह्माण्डमा विचरण गर्न प्रेरित गर्छ। सधैं एउटै समयमा एकान्त वासको अभ्यास गर्नु फलदायी हुन्छ।
- दोस्रो हो, शरीरको हेरचाह। शरीरलाई हेरचाह गर्नु भनेको मनलाई प्रशिक्षित हुन योग्य तुल्याउनु हो। शरीर तयार भएपछि नै मन तयार हुन्छ। आफ्नो शरीरको तयारीका लागि दिनहुँ व्यायाम गर्न समय लगानी गर्नुपर्छ।
- तेस्रो हो, ताजा तरकारी, फलफूल र अनाजको सेवन।
- आजीवन शिक्षा र ज्ञानको विस्तारले मानिसमा विशिष्ट धारणा निर्माण गर्न सहयोग गर्छ। हरेक दिन ३० मिनेट पढ्नु फाइदाजनक हुन्छ। पढ्ने विषय छान्नुअघि के पढ्ने र किन पढ्ने भन्नेबारे केही बेर घोत्लिनुचाहिँ जरुरी हुन्छ। यो चौथो विधि हो।
- आफैलाई चिन्न समय निकाल्नु पाँचौं विधि हो। यस्तो समयले व्यक्तिलाई आफ्नो अस्तित्वको नयाँ आयाम खोज्ने ढोका खोल्न सघाउँछ। मेन्टलले शिवानामा भेटेका महात्माहरू पनि 'अन्तर्आत्माको चिन्तनले शक्ति प्रदान गर्छ' भन्ने विश्वास गर्थे।

## जालोले पनि बाँधिन्छ सिंह

अनुशासनको पालना जीवनको महत्त्वपूर्ण पक्ष हो। लेखक अनुशासनलाई जेलिएका तारहरूबाट बनेको केबलसित तुलना गर्छन्। एउटा अफ्रिकी कथनले प्रस्तुत गरेको बिम्बलाई लिएर हेर्ने हो भने केबल फलामभन्दा बलियो हुन्छ। सो कथनले भन्छ, 'माकुराका जालाले जेलेपछि सिंह पनि बाँधिन्छ।' आत्मसंयम र संकल्प जस्ता मनका तारहरूलाई एक ठाउँमा जोडेर केबल बनाउनुपर्छ। दृढ इच्छाशक्ति निर्माण गर्न ससाना काम पनि निष्ठापूर्वक गर्नु आवश्यक हुन्छ। यसले साहस र सद्गुणी चरित्र निर्माण गर्छ। व्यक्तिगत अनुशासनबिना यो हासिल हुँदैन। सद्गुणले नै 'आनन्दमय दरबार' भित्र उच्चतम आदर्शका साथ जीवनयापन गर्न सम्भव तुल्याउँछ। सद्गुणको अभावमा जीवन अनियन्त्रित हुन पुग्छ, समुद्रमा कम्पासबिनाको जहाज जस्तै गन्तव्यहीन। मन नियन्त्रण गर्नाले जीवन नियन्त्रण हुन्छ, अनि जीवन नियन्त्रणले आफैलाई आफ्नो भाग्यको निर्माता बनाउँछ।

## समय नै सबैभन्दा ठूलो न्यायाधीश

वास्तवमै यो कृतिले समय नै सबैभन्दा ठूलो न्यायाधीश हो भन्ने सन्देश दिएको छ। हामी सम्पन्न होऔँ वा विपन्न, टेक्सासमा बसौँ वा काठमाडौँमा, सबैका लागि २४ घण्टाकै एक दिन हुन्छ। समयको आदर गर्नेहरूले नै सफलतम् जीवन यापन गर्न पाएका छन्। जीवनको ८० प्रतिशत परिणाम हामीले गर्ने २० प्रतिशत गतिविधिबाट आएका हुन्छन्। लेखक तर्क गर्छन्– हामीले आफैसँग निष्ठुरी पनि हुनुपर्छ। 'हुन्न' भन्न पनि सिक्नुपर्छ। निष्ठुरी हुन सकियो भने आफ्ना लागि समयको बचत गर्न सकिन्छ। 'हुन्न' भन्ने साहस राख्ता जीवनमा अरू राम्रा काम गर्नका लागि 'हुन्छ' भन्न सक्ने शक्ति हासिल हुन्छ। ठूलो उपलब्धि हासिल गर्ने हो भने आफ्नो कार्यालयको ढोका केही घण्टा बन्द गर्नु आवश्यक छ। यसो गर्दा शान्त भएर विचार गर्ने समय उपलब्ध हुन्छ। उदाहरणका लागि हरेक फोनको जवाफ दिनु आवश्यक छैन। फोन आफ्नो सुविधाका लागि हो, अरूको सुविधाका लागि होइन। समयको महत्त्व बुझ्नेले मात्र अरूको आदर पाउँछ।

**लेखकको सुझाव छ– आफ्नो जीवनको उद्देश्य के हो ? सो कुरा लिपिबद्ध गर्नुपर्छ। मनुष्यका मस्तिष्कमा एक दिनमा औसत ६० हजार विचार सिर्जना हुन्छन् तर एउटा विचार मात्रै महत्त्वपूर्ण हुन्छ। कागजमा विचार लिपिबद्ध गरेर त्यसलाई अचेतन मनमा पठाई लक्ष्य प्राप्तिमा केन्द्रित हुन सक्ने मनले अवसर खोज्न शुरू गर्नेछ।**

## वर्तमानसँग बाँच

वर्तमानको महत्त्व बुझ्नु जीवन यापनको क्रममा हासिल गर्नै पर्ने महत्त्वपूर्ण असल गुण हो। शिवानाका सन्तहरू 'वर्तमानमा जिउने' मान्यता राख्थे। यस्तो मान्यताले जीवनलाई साँच्चिकै आनन्दमय बनाउँछ। योगीहरूको भनाइ उद्धृत गर्दै लेखक शर्मा भन्छन्– "पुलमुनिको पानी विगत हो किनभने त्यो बगेर गइहाल्छ, त्यहाँ रहँदैन। अनि क्षितिजमा रहेको सूर्य भविष्यको कल्पना हो। त्यसमा तपाईंको वश छैन। सबैभन्दा महत्त्वपूर्ण क्षण त वर्तमान हो। वर्तमानमै जिउन सिक्नुपर्छ र त्यसको स्वादिलो अनुभूति गर्नुपर्छ।" लेखक अगाडि तर्क गर्छन्– 'आफ्नो प्रयासको रसास्वादन गर्ने दिन आजै हो। हरेक दिन पाँच मिनेट साथीभाइ, गुरु लगायत सबैलाई कृतज्ञता अर्पण गर्ने कलाको अभ्यास गर्ने हो भने जीवनमा समृद्धिको वर्षा हुनेछ।'


## निस्वार्थ सेवा नै जीवनको अर्थ

एउटा चिनियाँ उखान छ 'गुलाफको अलिकति सुगन्ध फूल दिनेको हातमा पनि टाँसिन्छ।' लेखकले कृतिमा यो उखान सापटी लिँदै भनेका छन्– अरूको जीवनमा सुधार गर्ने व्यक्तिले परोक्ष रूपमा आफ्नो जीवनमा पनि सुधार आएको अनुभव गर्छ। हरेक दिन अरूको निःस्वार्थ सेवा गर्ने व्यक्तिले आफ्नो जीवनलाई अर्थपूर्ण र सुखी बनाउने आधार भेट्टाउँछ।

यसरी *द मोंक हु सोल्ड हिज फेरारी*ले पाठकहरूमा सकारात्मक सोच र लक्ष्य हासिल गर्ने बाटो प्रस्तुत गरेको छ। प्रस्तुत विधिहरू एकदमै नयाँ भने होइनन्। अन्य धेरै पुस्तक तथा प्रकाशन सामग्रीहरूमा प्रस्तुत भइसकेका हुन्। उदाहरणका लागि 'वर्तमान महत्त्वपूर्ण छ' भन्ने उक्ति लियो टोल्सटोयले आफ्नो आलेखमा उहिल्यै उल्लेख गरिसकेका थिए। तर, लेखक शर्माले यस्ता प्रसंगहरूलाई उत्कृष्ट ढंगले प्रस्तुत गरेका छन्। यसैले पुस्तक पढ्दा आनन्द र ज्ञान दुवैको अनुभूति हुन्छ भने जीवनलाई यसले सकारात्मक प्रेरणा पनि प्रदान गर्छ। 📖

**समीक्षक सिलवाल वातावरण व्यवस्थापन विषयमा अध्ययन–अनुसन्धानरत छन्।**

# बेचिएकी हिमाली चेली




**पुस्तक : *सोल्ड***
लेखक : प्याट्रिसिया म्याक्-कर्मिक
प्रकाशक : डिस्ने-हाइपेरिय, २००८
पृष्ठ : २६३
ISBN: 978-0-786-85172-0

**समीक्षक : रविना महर्जन**

नेपाली चेलीलाई मुख्य पात्र बनाएर लेखिएको पुस्तक *सोल्ड* संयुक्त राज्य अमेरिकाको 'नेसनल बुक अवार्ड, सन् २००६' को छनोटमा अन्तिम चरणसम्म पुग्न सफल उपन्यास हो। यो अमेरिकी लेखक प्याट्रिसिया म्याक्-कर्मिकको तेस्रो कृति हो। उनका सन् २००० मा प्रकाशित उपन्यास *कट* र *सन,* २००५ मा प्रकाशित उपन्यास *माइ ब्रदर किपर* पनि प्रशिद्ध पुस्तकका रूपमा लिइन्छन्। *द न्यूयोर्क टाइम्स, रिडर्स डाइजेस्ट, लेडी होम जर्नल* र *टाउन एन्ड कन्ट्री* आदि पत्रपत्रिकामा विभिन्न लेखहरू प्रकाशित गरेकी प्याट्रिसिया हाल कोलम्बिया विश्वविद्यालयमा पत्रकारिता विषय अध्यापन गर्छिन्। *सोल्ड* लेख्ने सिलसिलामा अनुसन्धानका लागि प्याट्रिसियाले नेपाल र भारतका विभिन्न ठाउँको भ्रमण गरेको र कलकत्तामा वेश्यावृत्ति गर्न बाध्य एवं त्यहाँबाट उद्धार गरिएका नेपाली चेलीहरूसँग अन्तर्वार्ताहरू गरेको द नेसनल बुक फाउन्डेसनले जनाएको छ।

## हिमालकी चेली शहरतिर

हिमाली भेगमा बस्ने एउटी नेपाली चेलीको कथा हो *सोल्ड*। यसकी प्रमुख पात्र 'परिवारका लागि केही गरौँ' भन्ने भावनाले ओतप्रोत १३ वर्षीया बालिका लक्ष्मी हुन्। लक्ष्मीको परिवारमा आमा, एउटा भाइ र सौतेलो बाबु छन्। सामान्यत: नेपाली परिवारमा कमाउने दायित्व बाबु अर्थात् पुरुषको हुन्छ तर हिमाली बस्तीमा भने महिलाले यो दायित्व लिने गर्छन्।

खेती किसानी गर्ने लक्ष्मीको परिवार कहिले पानी धेरै परेर समस्यामा हुन्छ त कहिले खडेरी परेर संकटमा। लक्ष्मीलाई आफ्नो घरको छाना जस्तापाताले छाउने इच्छा छ तर निरन्तरका यस्ता समस्याका कारण उनको इच्छा पूरा हुन सकेको छैन। सपनाको दुनियाँ र अनेक रमाइला कल्पना-परिकल्पनामा रम्ने-झुम्ने उमेरकी लक्ष्मी आफ्नी आमालाई संसारको सारा खुशी दिन चाहन्छिन् र सानो भाइलाई पोषणयुक्त खाना खुवाएर स्वस्थ राख्न। आफ्नो परिवारलाई खुशी राख्न उनी जे गर्न पनि तयार छिन्।

लक्ष्मी थुप्रै नेपाली चेलीकी प्रतिनिधि पात्र हुन्। लक्ष्मीको जस्तै अपेक्षा राख्ने थुप्रै नेपाली चेलीहरू कसरी विदेशको कोठीमा पुग्छन् र वेश्यावृत्ति गर्न बाध्य पारिन्छन् भन्ने यथार्थ यस पुस्तकमा विस्तृत रूपमा समेटिएको छ। लक्ष्मी कृष्णसँग जीवन बिताउन चाहन्थिन्। सानैमा दुई जनाको विवाहको छिनोफानो भएको हुँदा लक्ष्मी विवाह हुने दिनको प्रतीक्षामा थिइन्। लक्ष्मीको कृष्णसँगको आत्मीयताबारे पुस्तकमा विस्तृत छलफल त गरिएको छैन तर शहर जान लाग्दा कृष्णको अन्तिम झलक पाउन लक्ष्मीमा पैदा भएको आतुरताले ती दुईबीच गाढा प्रेम रहेको आभास दिन्छ।

शहरमा काम गराउन बाबुले बज्यैको पसलमा लाँदा दिनरात शहरको परिकल्पना गर्दै बसेकी लक्ष्मी आफ्नो सपना साकार भएको ठान्छिन्। 'आफू सक्षम छु' भन्ने प्रमाणित गर्न उनी दिनरात काममा जुटिरहन्छिन्। लक्ष्मी अरूले आफ्नो कार्यक्षमतामा शंका गर्लान् र नपढेकी भनेर हेप्लान् भनेर पनि सचेत छिन्। उनलाई आफू असल र सकारात्मक काम गर्ने युवती भनेर चिनिने इच्छा छ। यही चाहनाले उनको जीवनलाई नयाँ बाटो त दिन्छ तर त्यो बाटो उनले नसोचेको र पीडादायी किसिमको हुन्छ। परिवार, बाल्यपरिवेश, माया सबैलाई छाडेर लक्ष्मी कर्तव्य र जिम्मेवारीतिर अग्रसर हुँदै सानै उमेरमा जीवनयात्रामा अगाडि बढिरहेकी हुन्छिन्। शहरमा बज्यैसँग बस्न थालेपछि उनी लेकबेंसी र हिमालका स्वच्छपन बिर्सँदै जान्छिन्। शहरमा सुनको छाना हुन्छ र सबै जना राम्रा हुन्छन् भन्ने उनको सोच धेरै समय टिक्न पाउँदैन। बज्यैले लक्ष्मीलाई अर्को मानिसको जिम्मा लगाउँछिन्। लक्ष्मीलाई 'शहरका मानिस राम्रा हुँदैनन् र तिनीहरूसँग बोल्नु हुन्न' भनी सिकाइएको हुन्छ। सिमाना के हो, लक्ष्मीलाई थाहा हुँदैन। जिम्मा लगाइएका व्यक्तिको श्रीमती भएर उनी आफ्नो मुलुकको सीमा पार गर्छिन्।

## बेचिएपछि

सीमापारि रहेको देशको एउटा शहरमा सो व्यक्तिले लक्ष्मीलाई १० हजार रुपैयाँमा मुम्ताज् भन्ने महिलालाई सुम्पिन्छ, जो अब लक्ष्मीकी मालिक्नी हो। उसकै खटनपटनमा अब लक्ष्मीले आफ्नो लक्ष्य र भाग्य निर्धारण गर्नुपर्छ। लक्ष्मीले काम गर्ने घरको नाम हुन्छ– ह्यापिनेस हाउस। नाम ह्यापिनेस हाउस भए पनि चेलीहरूका लागि दु:खको महासागरको रूपमा रहेको त्यस घरमा उनी अनिता, सहना, मोनिका, पुष्पा नामका साथीहरू भेट्छिन्। यो ठाउँ उनले सोचेको भन्दा एकदमै फरक किसिमको; शहरको एउटा गल्लीमा रहेको ठाउँ हो। ह्यापिनेस हाउसमा जब लक्ष्मीले पहिलो पटक एउटा पीडादायक आवाज सुन्छिन्, उनलाई एक प्रकारको डर लाग्छ। यो अवस्था धेरै बेर टिक्न पाउँदैन। एउटा अधबैंसे मान्छे एक्कासि लक्ष्मीलाई नै झम्टिन आइपुग्छ र उनका निर्दोष भावनामाथि निर्मम प्रहार हुन थाल्छ। बल्ल लक्ष्मीलाई आफू बेचिएको कुरा थाहा हुन्छ। लक्ष्मीका कलिला सपना, इच्छा र आकांक्षा सबै चकनाचूर हुन्छन्। उनी सक्तो प्रतिकार गर्छिन्। बरु मर्न तयार हुन्छिन् तर आफ्नो आत्मसम्मानलाई संकटमा पार्न चाहन्नन्। धेरै समयको प्रतिकारको असफल प्रयत्नपछि अन्तत: उनी एउटा तीतो सत्य आत्मसात् गर्न बाध्य हुन्छिन् अर्थात् आफ्नो शरीर सुम्पन विवश बन्छिन्। भर्खर पढ्ने-खेल्ने कलिलो उमेरकी लक्ष्मीसँग शृंगार गरेर अरूलाई रिझाउन

बाध्य हुनुको विकल्प हुन्न। तर, यस्तो नारकीय जीवनमा पुग्दा पनि लक्ष्मी विचलित हुन्नन्। जस्तोसुकै परिस्थितिमा पनि निराश नहुने प्रतिबद्धता उनी आफैभित्र पैदा गर्छिन्।

लक्ष्मी त्यहाँबाट उम्कने बाटो खोज्छिन्। मुम्ताज्को १० हजार रुपियाँको ऋण फिर्ता गर्न पाए त्यहाँबाट मुक्त हुन सकिएला भन्ने ठानेर उनी त्यसका लागि हदैसम्म कोशिश गर्छिन्। धेरैपछि मात्र ऋण तिरेर मुक्त हुन सकिने कुरा भ्रम मात्र हो भन्ने उनले थाहा पाउँछिन्।

उपन्यासमा त्यस्तो ठाउँका चेलीहरूको दयनीय अवस्थाको चित्रण त छँदै छ, त्यहाँ पुलिस र कानून समेत मुम्ताज् जस्ता यस्तो पेशा चलाउनेहरूका गोजीमा रहने कुरा राम्ररी दर्शाइएको छ। समाजको अपराधलाई देख्न नसक्ने गरी मुम्ताज् जस्ताबाट मासिक रकम लिने र त्यस्तो रकममा केही घटबढ भएपछि प्रहरीले केटीहरूलाई उठाएर लाने अनि थप पैसा पाएपछि छाडिदिने प्रवृत्तिको चित्रण छ। त्यहाँ रहेका चेलीहरूले आफू नरकमा भए पनि आफ्नो परिवार खुशी छन् र उनीहरूलाई माया गर्छन् भन्ने सोच राखेको तर त्यहाँबाट मुक्त भएपछि घरपरिवारले पनि अपनाउन नमानेकाले त्यस्ता कतिपय चेलीहरूले प्राण त्यागेको कथा समेत उपन्यासमा प्रस्तुत छ।

पुस्तककी अर्की पात्र पुष्पा एक छोरा र एक दूधे बालिकाकी आमा हुन्। जस्तोसुकै परिस्थितिमा भए पनि उनीहरूले ग्राहकलाई रिझाउनुपर्ने हुन्छ। आफ्ना सन्तानलाई भुइँमा सुताएर आमाहरू खाटमा ग्राहकलाई रिझाउन बाध्य हुन्छन्। अबोध बालबालिकाहरूलाई त्यस्तो पदार्थ चटाइन्छ, जसले गर्दा उनीहरू घण्टौँसम्म उठ्तैनन्, सुतिरहन्छन्। छातीको रोगी भएका कारण पुष्पा यो पेशामा लागिरहन सक्तिनन्। मुम्ताज्चाहिँ उनको यो कमजोरीको फाइदा उठाउने प्रयास गर्छे। पुष्पाकी दूधेबालिका जिनालाई किन्ने र ठूली भएपछि उसलाई त्यही पेशामा लगाउने प्रस्ताव राख्छे।

कुनैकुनै बेला अत्यन्त कम संयोगवश ग्राहकहरूको सहयोगले अथवा एचआईभी संक्रमणका कारण वा रोगी भएर काम गर्न नसक्ने भएपछि निकालिनाले वा यदाकदा विशेष अभियान अन्तर्गत वेश्यालयबाट यस्ता चेलीहरू मुक्त हुने गरेका हुन्छन्। अमेरिकी लेखक प्याट्रिसियाले लक्ष्मीकी उद्धारक पनि अमेरिकी नागरिक नै देखाएकी छिन्। लक्ष्मीकहाँ आउने धेरै थरीका ग्राहकहरूमध्येका एक जना अमेरिकी ग्राहकले लक्ष्मीलाई बचाउने प्रस्ताव राख्छन्। तर, भाषा नबुझेर कुरा फर्काउन नजानेको र आफू उम्कन चाहेको विचार पनि बताउन नसकेको प्रसंग उपन्यासमा छ। पछि अर्को अमेरिकी ग्राहकसँग भेट भएपछि उसकै सहयोगले लक्ष्मी त्यहाँबाट निस्केर हिँड्छिन् अर्थात् भुमरीबाट छुट्कारा पाउँछिन्।

## गरीबीले सिर्जेको दयनीय अवस्था

गरीबीले महिलाहरूलाई कसरी दयनीय बनाउँछ भन्ने यथार्थ पुस्तकमा दर्शाइएको छ। यसभित्र हजारौं नेपाली चेलीहरूको कहालीलाग्दो यथार्थ चित्रण छ। पुस्तकले पैसाका लागि कतिपय मानिसले जुनसुकै हदसमेत नाघ्न सक्छन् भन्ने चरित्र पनि प्रस्तुत गरेको छ।

नेपाली समाज पुरुषवादी रहेको र जतिसुकै निर्मम तथा अपारिवारिक भए पनि पुरुष नभएको परिवार अस्तव्यस्त हुन्छ भन्ने आमधारणा समेत यसमा समेटिएको छ। लोग्ने जतिसुकै असहयोगी र माया नगर्ने किन नहोस्, लक्ष्मीकी आमा 'आफ्नो लोग्ने छ' भन्न पाउँदा धेरै खुशी महसुस गर्छिन्। 'एकल महिला खुला ढुकुटीसरह हुन्' भन्ने सोच रहेको यो समाजमा केवल नाम मात्रका कामचलाउ लोग्नेहरू पनि छन् अनि समाज अझै कुविचार र संकुचित धारणाले ग्रस्त छ।

**यो नेपाली युवा पुस्ताले पढ्नै पर्ने र अझै पनि जोखिमपूर्ण अवस्थामा रहेका बालिका एवं किशोरीहरू भएका गाउँ-टोलमा पढाउनै पर्ने पुस्तक हो। यसको नेपाली अनुवाद *बेचिएकी* पनि बजारमा आइसकेकाले नेपाली मात्र बुझ्नेहरूका लागि पनि अब यो कृति पढ्न-पढाउन त्यतिविधि कठिनाइ छैन।**

समाजमा महिला नै महिलाको दुर्गति गर्न पनि पछि पर्दैनन्। जीवन के हो भनेर सिक्ने समय नहुँदै सोच्तै नसोचेको खाल्डोमा नेपाली बालिका एवं किशोरीहरू पर्ने स्थिति छ। यी दुवै खालका कुराहरू पुस्तकले राम्रैसँग दर्शाएको छ। देह व्यापारका सन्दर्भमा लेखिएको यो मर्मस्पर्शी पुस्तकसँग पाठक सलल बग्छन्। सरल र सहज कथाको लयले पाठकको मन छोइरहन्छ।

चेलीहरूको नारकीय जीवनबारे धेरैलाई थाहा छ तर पनि तिनलाई सीमापारि लैजाने क्रम रोक्न सकिएको छैन। फलस्वरूप ती चेलीहरू नारकीय जिन्दगी बाँच्न विवश छन्। छलकपट, स्वार्थ, जालझेल र दानवीय व्यवहारका यस्ता थुप्रै बिम्बहरू पुस्तकमा समेटिएका छन्।


समाजमा पैसा नै परिवारलाई सुरक्षा दिने सिँढी हो भन्ने सोच कायम छ। पितादेखि प्रहरीसम्म वासनाले लिप्त पात्रहरू छन्। मरिसकेको शरीरबाट पनि पैसा झार्न खोज्ने मुम्ताज् जस्ता समाजका कलंक छन्, जो आमासँग उनकी दूधेबालिका किन्ने अनि तिनलाई वेश्यावृत्तिमा लगाउने दुस्साहस गर्न खोज्छन्। प्याट्रिसियाले आफ्नी पात्र लक्ष्मी मार्फत यस्तो कालो बादलमा पनि आशाको किरण देखाउने कोशिश गरेकी छन्। उनकी पात्र लक्ष्मी कलिलो उमेर भए पनि आत्मविश्वास, दृढता र साहसकी प्रतिमूर्ति हुन्। पाठकलाई त्यस्तै हुन प्याट्रिसिया आफ्नो पुस्तक मार्फत प्रेरित गर्छिन्।

यो नेपाली युवा पुस्ताले पढ्नै पर्ने र अझै पनि जोखिमपूर्ण अवस्थामा रहेका बालिका एवं किशोरीहरू भएका गाउँ-टोलमा पढाउनै पर्ने पुस्तक हो। यसको नेपाली अनुवाद 'बेचिएकी' पनि बजारमा आइसकेकाले नेपाली मात्र बुझ्नेहरूका लागि पनि अब यो कृति पढ्न-पढाउन त्यतिविधि कठिनाइ छैन।

पुस्तकले चित्रण गरेको लक्ष्मीको गाउँ जस्ता भौगोलिक क्षेत्रका गाउँ-ठाउँमा गएको वैशाख १२ र २९ गतेको महाभूकम्पले व्यापक क्षति गरेको छ। जनजीविका हरेको छ। लाखौं नेपालीलाई गरीबीको दुष्चक्रमा धकेलेको छ। यसरी धकेलिनेमा महिला र चेलीबेटी पनि ठूलो संख्यामा छन्। भूकम्पद्वारा सिर्जित दुरावस्थामा यस्ता खालका अपराधहरू झन् बढ्न सक्ने सम्भावना प्रबल रहन्छ। यस्ता सामाजिक अपराधलाई कसरी रोक्ने? यो अहिलेको चुनौती बनेको छ। भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणको दायित्व भनेको ती सबै जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूको जनजीविका सुधार्दै उनीहरूलाई गरीबीको दुष्चक्रबाट निकाल्नु हो। सामाजिक अपराधको पीडाबाट बचाउनु हो। त्यसैले अहिलेको अवस्थामा यो पुस्तक नेपाली पाठकहरूका लागि सान्दर्भिक, समसामयिक र महत्त्वपूर्ण पनि छ।

**समीक्षक महर्जन 'लुमन्ति' नामक संस्थामा कार्यरत छन्।**

# भित्री शक्तिका कुरा




पुस्तक : *रिजिलियन्स*
लेखक : आन्द्रे जोली र एन मारिया हेली
प्रकाशक : हेडलाइन पब्लिसिङ ग्रुप, २०१२
पृष्ठ : ३२३
ISBN: 978-1-4722-1460-7

**समीक्षक : तुलसी नेपाल**

उथलपुथलको समयमा पनि किन केही व्यक्ति, परिवार, समुदाय, कम्पनी र पद्धतिहरू समालिन, टिकिरहन र प्रभावकारी हुन सक्छन् तर अरू टिक्न सक्तैनन् ? आफ्नो पुस्तक रिजिलियन्समा लेखकद्वय आन्द्रे जोली र एन मारिया हेलीले यो प्रश्नको जवाफ खोजेका छन्। यसअघि जलवायु परिवर्तनको सन्दर्भमा बढी प्रयोग हुने गरेको 'रिजिलियन्स' शब्द २०७२ वैशाख १२ को भूकम्पपछि अन्य सन्दर्भमा पनि नेपालमा व्यापक मात्रामा प्रयोग हुन थालेको छ। 'उत्थानशीलता' वा 'पुन:उत्थानशीलता' जस्ता नेपाली शब्दले रिजिलियन्स अवधारणाको मर्म बुझाउँछन् वा बुझाउँदैनन् भन्ने छुट्टै चर्चाको विषय हो, तर प्रयोगका हिसाबले यी दुवै शब्द चलेका पाइन्छन्। यस समीक्षामा चाहिँ 'रिजिलियन्स' लाई अभिव्यक्त गर्न 'पुन:उत्थानशीलता' शब्द प्रयोग गरिएको छ।

प्रस्तुत पुस्तक 'परिचय' बाहेक नौवटा शीर्षकमा बाँढिएको छ।

## मूल्य अकासिएको मकै

पुन:उत्थानशीलता अर्थात् 'रिजिलियन्स' को मर्म बुझाउन लेखकद्वयले सन् २००७ जनवरी ३१ मा मेक्सिकोको राजधानीमा भएको टोर्टिला (मकैको एउटा परिकार) दंगालाई लिएका छन्। मकैको मूल्य बढेपछि मेक्सिकनहरूले ठूलो प्रदर्शन गरेका थिए र त्यसले दंगाकै रूप लिएको थियो। टोर्टिला दंगा किन भयो भन्ने प्रश्नको जवाफ खोज्न लेखकद्वयले यसका कारकको पहिचान गर्ने प्रयास गरेका छन्। उत्तर अमेरिकी स्वतन्त्र व्यापार संस्था (नाफ्टा) का कारण मेक्सिकोको रैथाने मकैको बीउ विस्थापित भएको थियो। वास्तवमा केही मेक्सिकन ठालुहरूसँगको 'नाफ्टा' को गठबन्धनले नै मकैको मूल्य अकासिएको थियो। मेक्सिको र अमेरिकाको ऊर्जा, कृषि र भूमण्डलीय व्यापार तथा सामाजिक एवं राजनीतिक प्रणालीबीच रहेको अन्तरसम्बन्ध नै दंगाको मुख्य कारण थियो। यसबाहेक टोर्टिला दंगाबारे अन्य विश्लेषणहरू पनि छन्। यस्ता विश्लेषणले भन्छन्– मेक्सिकोको आन्तरिक राजनीति पनि दंगाको कारण हो। यसबाट के स्पष्ट हुन्छ भने वर्तमान विश्वमा विभिन्न अन्तरसम्बन्धहरूले यस्ता खाले घटनाहरू हुने गर्छन्। कतिपय संकट वा विपत्तिहरू एकअर्कासित जोडिएका हुन्छन्। एउटा घटनाले अर्कोलाई पनि चपेटामा पार्दै लैजान्छ र अन्तत: संकटको भुमरी नै सिर्जना हुन सक्छ। यसले प्रणालीको रूप लिन पुग्छ। त्यसैले यस्ता सन्दर्भहरूमा अन्तरसम्बन्धको सवाल र शृंखलालाई समेत हेर्ने र विश्लेषण गर्ने 'प्रणाली-सिद्धान्त' को कुरा पुस्तकले औंल्याएको छ।

## विपत् सिर्जित नवीन कोणहरू

नेपालमा वैशाख १२ को भूकम्पपछि त्यसले पारेको भनिएका असरहरू सामाजिक, राजनीतिक एवं वैज्ञानिक प्रणालीसँग जोडिएका अन्तरसम्बन्धका परिणति पनि हुन्। वि.सं. १९९० पछिको सबैभन्दा ठूलो भूकम्प वि. सं. २०७२ मा गयो। हाम्रो मौजुदा राजनीतिक तथा सामाजिक प्रणालीले ससाना विपत्तिलाई समेत यसअघि सही ढंगले बेहोरेको थिएन। छलफलमा भने विपत्तिको पूर्वतयारी र सामनाबारे धेरै हल्लाखल्ला गरिएको थियो तर साँच्चै नै विपत्ति आइलाग्दा भने त्यस्ता तयारी र प्रणालीहरू प्रभावकारी रूपमा क्रियाशील हुन सकेनन्। बरु उल्टै मुख्य सचिव र सेना प्रमुखबीच कसले अग्रसरता लिने भन्ने खालका विवाद र अन्योलहरू सिर्जना भए। तत्काल गर्न सकिने उद्धारको काम पनि यस्ता अन्योल र विवादका कारण प्रभावित हुन पुगे।

हाम्रो समाजमा परापूर्व कालदेखि चलिआएका सहयोग र सद्भावयुक्त सामाजिक प्रणाली पनि समयक्रममा फेरिँदै गएका छन्। वाद, व्यक्तिवाद र नवउदारवाद रूपी छालका सामु रहे-बँचेका केही प्रणालीहरूसमेत धरमराइरहेका छन्। तथापि, नेपालको सन्दर्भमा विपत्का बेला परोपकारी भावनाहरू प्रस्फुटन भए। समयको छोटो अन्तरालमै व्यक्तिगत परोपकारी भावनाले सामूहिक रूप लिँदै गयो। पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिण एवं परदेशबाट समेत राहतका लागि स्वत:स्फूर्त सहयोगहरू आउन थाले। यस्तो व्यवहारले गर्दा सर्वोच्च अदालतको प्रतिकूल आदेशका बाबजुद राजनीतिक वृत्तमा समेत संविधानको गाँठो फुकाउने ढोका खुल्न सम्भव भयो। त्यसैले यस प्रकरणले इङ्गित गरेका कुराहरूमा यथेष्ट विचार पुऱ्याउनु र विश्लेषण गर्नु आवश्यक छ। मेक्सिकोको टोर्टिला दंगा होस् वा नेपालको २०७२ को भूकम्प– दुवैले केही सामाजिक तथा राजनीतिक अन्तरसम्बन्धमा नवीन पाठहरू सिकाएका छन्।

समय परिवर्तनशील छ तर परिवर्तनको परिणाम सधैँ सकारात्मक नै हुन्छ भन्नेचाहिँ हुँदैन। लेखकद्वय भन्छन्– 'परिवर्तनका ठूलठूला छालहरूलाई नियन्त्रण गर्न नसके पनि छालमा नडुब्ने डुंगाहरू

**पुन:उत्थानशीलतामा निरन्तर अनुगमन, पुनर्ताजगी र पुनर्प्रतिबद्धता आवश्यक हुन्छ। यस्ता प्रयत्नले सोचे अनुरूपकै परिणाम दिन्छन् भन्न सकिँदैन। व्यवहार वा रणनीतिमा अनिश्चितता अन्तर्निहित हुन्छ। तर, हामीसँग अर्को दिन र अर्को अवसर उपलब्ध भइरहन्छ। त्यसैले लेखकद्वय भन्छन्– पुन:उत्थानशीलताको हिसाबले हरेक दिन एउटा मौका हो। हरेक दिन पहिलो हो।**

बनाउने कला भने सिक्न सकिन्छ। भताभुंग हुने स्थितिबाट जोगिन विषम परिस्थितिमा समेत क्रियाशील रही सहज अवस्थामा पुग्ने संगठन, संस्था र प्रणालीहरूको निर्माण वा पुन:निर्माण गर्न सकिन्छ, तर पुन:उत्थानशीलताको अवधारणा नबुझीकन यस्तो रूपान्तरण सम्भव हुँदैन।'

## रूपान्तरणका विषय

पुन:उत्थानशीलतालाई विभिन्न क्षेत्रमा भिन्नभिन्न ढंगले व्याख्या गरिएको वा अर्थ्याइएको पाइन्छ। फलस्वरूप यसको ठ्याक्कै एउटै परिभाषा प्रस्तुत गर्न सहज छैन। पुल वा भवन जस्ता भौतिक संरचना र सन्दर्भमा पुन:उत्थानशीलताको सामान्य अर्थ 'कुनै धक्का वा गडबडपछि फेरि पहिलेकै अवस्थामा फर्कनु' भन्ने बुझिन्छ। हालैको भूकम्पमा सडक, पुल, सञ्चार, शिक्षा, कृषि, पारिवारिक विघटन जस्ता विभिन्न क्षेत्रमा क्षति पुगेको छ। घर भत्केका कतिपय मानिसहरूलाई सुरक्षित छानो र त्रिपालसमेत दिन सकिएको छैन। अरू संरचना बनाउन त रुन् अझै कति समय लाग्ने हो भन्ने निश्चित छैन। तर, प्रश्नचाहिँ पहिलेको अवस्थामा पुग्ने मात्र हो कि त्योभन्दा पनि राम्रो बनाउने भन्ने हो। भूकम्पपछिको पुनर्निर्माणको सन्दर्भमा यो यक्ष प्रश्नको रूपमा तेर्सिएको छ। भूकम्प वा बाढी-पहिरोपछि कस्ता प्रणालीहरू पुनर्स्थापित हुन सक्छन् भन्ने अर्को प्रश्न हो। मनोविज्ञानमा 'पुन:उत्थान' भनेको व्यक्तिको मानसिक आघातलाई प्रभावकारी रूपले सम्बोधन गर्न सक्ने क्षमता हो। व्यवसायका सन्दर्भमा हेर्ने हो भने प्राकृतिक वा मानवनिर्मित विपत्तिपछि पनि व्यवसायलाई निरन्तर कायम राख्नका लागि आवश्यक जानकारी तथा स्रोतको जगेडा भन्ने बुझिन्छ। पुन:उत्थानको सार अर्थ हो– परिवर्तित अवस्थामा पनि पूर्वावस्थाको निरन्तरताकै स्थिति पुन: प्राप्त गर्दै अगाडि बढ्न सक्नु।

## प्रणालीको भूमिका

पुस्तकले पुन:उत्थानशीलता प्रणाली र मनुष्यबीचको अन्तर्क्रियाबारे चर्चा गरेको छ। पर्यावरण र समाज विज्ञानमा 'आकस्मिक परिवर्तन हुँदा प्रणाली, उद्यम वा व्यक्तिको आधारभूत लक्ष्य र निष्ठा कायम रहन सक्ने क्षमता' लाई ध्यानमा राखेर लेखकद्वयले विवेचना गरेका छन्। नवीन वैज्ञानिक अनुसन्धानबाट व्यक्तिगत र मनोवैज्ञानिक पुन:उत्थानशीलता धेरै हदसम्म फैलिएको, सुधार गर्न सकिने र प्रशिक्षण गर्न सकिने विषय हो भन्ने प्रमाणित भइसकेको छ। केही वर्ष अगाडिसम्मको स्थिति यस्तो थिएन। त्यसैले पुन:उत्थानशीलता मनुष्यको विश्वास, मूल्य र मान्यता मात्र होइन, बरु यो त उसको चरित्र, अनुभव र वंशाणुमा समेत रहेको हुन्छ र उसका बानी-व्यहोरामा झल्किन्छ। भूकम्पपछि देखिएको एउटा सामूहिक व्यवहार यस्तै गुणको द्योतक हो।

बानी-व्यहोरा परिवर्तन गर्न सो अनुरूप व्यवहार गर्नु आवश्यक हुन्छ। व्यक्ति-व्यक्ति क्रमश: सामूहिकतातर्फ जाँदा वा सकारात्मक परिवर्तनतर्फ उन्मुख हुँदा तीबीचको विश्वास र सहयोगको प्रसंग महत्त्वपूर्ण रूपमा अगाडि आउँछ। अप्ठ्यारो समयमा मानिसको सहकार्य गर्न सक्ने क्षमतालाई पुन:उत्थानशीलतासँग जोड्नुपर्ने हुन्छ। यस खाले चर्चामा 'विविधता' एउटा महत्त्वपूर्ण कडीको रूपमा रहन्छ। विविधताले समूहमा रहेका व्यक्तिको विविध ज्ञान, अनुभव र विचारका साथै लुप्त अवस्थामा रहेको व्यवहार र तत्काल हुने विध्वंसलाई समेत सम्बोधन गर्ने तरिका इङ्गित गर्छ। कुनै संरचनागत संकटको अवस्थामा एक-अर्कालाई सहयोग गरेर मुक्त हुन विविधता निकै सहयोगी पनि छ।

**लेखकद्वय भन्छन्– 'परिवर्तनका ठूलठूला छालहरूलाई नियन्त्रण गर्न नसके पनि छालमा नडुब्ने डुंगाहरू बनाउने कला भने सिक्न सकिन्छ। भताभुंग हुने स्थितिबाट जोगिन विषम परिस्थितिमा समेत क्रियाशील रही सहज अवस्थामा पुग्ने संगठन, संस्था र प्रणालीहरूको निर्माण गर्न सकिन्छ।'**

समूहबाट समुदाय वा संगठनतर्फ उन्मुख हुने क्रममा नेतृत्वको प्रश्न महत्त्वपूर्ण हुन्छ। नेतृत्व तहमा रहने व्यक्तिले सम्बद्ध सबैलाई संगठित गर्ने, सञ्जाल बनाउने, विचार संश्लेषण गर्ने अनि ज्ञानको प्रणाली र विषयवस्तु एकत्रित गर्ने जिम्मा लिनुपर्छ। यस्तो जिम्मेवारीबाट नेतृत्वले समुदाय वा संगठनलाई पुनर्स्थापित अवस्थामा अनुवाद गर्न सक्ने विशेषता राख्छ। नेतृत्वले विपत्तिको बेलामा औपचारिक र अनौपचारिक कार्यसञ्जालबीच आपसी सहकार्य गराउन सक्छ। लेखकद्वयका अनुसार 'अनुकूलनीय सञ्चालन प्रणाली' भनेको यही हो। नेपालको सन्दर्भमा पनि चर्चामा रहेको प्रस्तावित उच्च स्तरीय पुन:निर्माण संयन्त्र वा प्राधिकरणलाई प्रणालीगत हिसाबले यस्तै सोचिएको होला। तर 'यसको नेतृत्व कसले लिने' भन्ने किचलो हेर्दा शंका उब्जने अवस्था सिर्जना भएको छ, किनभने यो प्रस्तावले विविधता, अनुवादक नेतृत्व, औपचारिक र अनौपचारिक कार्यसञ्जालबीचको सहकार्य जस्ता महत्त्वपूर्ण पक्षलाई ध्यान नदिई कर्मचारीतन्त्रको प्रणालीको रूपमा मात्र हेर्न खोजिएको छाँट प्रस्टै देखिन्छ।

उता, लेखकद्वयले पहिले नै पुन:उत्थानशीलताको विषयलाई 'समग्रता' मा हेर्नुपर्ने हुन्छ भनेर आफ्नो पुस्तकमा सुझाएका छन्। लेखकहरूको तर्क छ– एकांकी वा एउटा पक्षबाट मात्र गरिएको विवेचना अपूरो हुन्छ। प्रणाली-प्रणालीबीचको अन्तरसम्बन्ध र त्यसले एक-अर्कालाई पार्ने सकारात्मक वा नकारात्मक असरलाई समग्र रूपमा बुझिएन भने समाधानका अन्य विकल्पहरू छुट्छन्। प्रणालीगत रूपमा यसरी हेर्दा यो सन्दर्भ निकै जटिल र पेचिलो देखिन्छ। उसो भए 'केही गर्न सकिँदैन' भन्दै आशा मारेर बस्ने त? त्यसोचाहिँ पक्कै पनि होइन। लेखकहरूका अनुसार पुन:उत्थानशीलताको विधिले परिवर्तनका असर कम गर्ने वा निर्मूल पार्ने भिन्नभिन्न एवं परिपूरक प्रयत्नहरूको फेहरिस्ता दिन्छ। यस्तो फेहरिस्तामा रहेका कुराहरू हुन्–

- समुदायको सशक्तीकरण;
- नयाँनयाँ विचार र प्रयोगहरूलाई प्रोत्साहन, र
- विष्मयकारी एवं विनाशमूलक घटनाबाट रूपान्तरणका लागि तयार रहन आममानिसलाई सहयोग।

यी सबै उद्देश्य प्राप्तिका लागि दीर्घकालीन र रूपान्तरणकारी कदम जरुरी हुन्छ। हुन त, प्रणालीको विकासको क्रममै पुन:उत्थानशीलता पनि अन्तर्निहित हुन्छ तर यसलाई समयको सान्दर्भिकतासँग जोड्नुपर्ने हुन्छ। उदाहरणका लागि मानव शरीर प्रणालीमा चिनीको मात्रा मिलाएर राख्ने अवयवहरू पर्याप्त हुन्छन्। तर पनि, हाल किन धेरै मानिसहरू मधुमेहबाट ग्रसित छन्? यसको एउटा जवाफ हो, मानव शरीरका यस्ता प्रणालीहरू शिकारी युगका लागि उपयुक्त थिए, वर्तमान युगका लागि छैनन्। त्यसो भए समाधानको बाटो विवाद बढाउने हो कि व्यवहार परिवर्तन गर्ने?

हामीलाई रुचिकर लाग्ने प्रणाली मात्र पुन:उत्थानशीलताको चरित्र भएका हुन्छन् भन्ने होइन। हामीले नरुचाउने प्रणाली पनि पुन:उत्थानशील हुन्छन्। उदाहरणका लागि जीवाणुहरूले आफ्नो जीवनदायिनी तत्त्व (मेटाबोलिज्म) लाई आवश्यकता अनुसार घटाउँदै वा बढाउँदै आफूलाई दीर्घकालसम्म बचाइराख्छन्। आतंकवादी समूहरू पनि यस्तै हुन्छन्। यी दुवैले उपयुक्त समय पाएको ठहराएपछि आक्रमण गर्छन्। यस्तो अवस्थालाई लेखकद्वय 'महसुस, मात्रा र एकत्रीकरण' (सेन्स, स्केल एन्ड स्वार्म) कार्यनीति भन्छन्। त्यस्ता प्रणाली कसरी दीर्घजीवी बन्छन् र तिनले आफ्नो काम कसरी उपलब्धिमूलक ढंगले अगाडि बढाएका हुन्छन् भन्ने बुझेर समाज कल्याणका लागि उत्पादन बढाउने उपयुक्त रणनीतिहरू बनाउन सकिन्छ।


लेखकद्वय भन्छन्– कुनै पनि प्रणालीको आयु तथा पुन:उत्थानशीलताको शुरू र अन्त्य अनि विकल्पको छनोट र प्रतिबद्धता, परिवर्तनका लागि उनीहरूको व्यक्तिगत र सामूहिक प्रतिक्रिया तथा कार्यक्षमतामा भर पर्छ।

व्यक्तिगत पुन:उत्थानशीलता, विध्वंशपश्चात् सामूहिक सहकार्य, समूहको ज्ञान, विविधताको अभिवृद्धि र समुदायको पुन:उत्थानशीलता कसरी बढाउने भन्ने कुरालाई उदाहरणसहित उपलब्धिका उपायबारे पुस्तकमा विवेचना गरिएको छ। यसका साथै पुस्तकमा यस्ता विषयले समग्र समाजको सन्दर्भमा के अर्थ राख्छन् भन्ने कुराको व्याख्या पनि प्रस्तुत छ।

पुस्तकको निचोड हो, पुन:उत्थानशीलतातर्फको यात्रा नैतिक खोजको यात्रा हो। यो चस्माले हामीलाई एक-अर्काबीचका सम्बन्ध, हामी र हाम्रा समुदाय, संस्थाहरू अनि मानव र पृथ्वीबीचका सम्बन्धहरूलाई आवश्यकता अनुसार खोज्न र समायोजन गर्न सहयोग गर्छ। हामीले के सम्झनु जरुरी छ भने पुन:उत्थानशीलताको कुनै गन्तव्य हुँदैन। यो समग्रतातर्फ सधैं उन्मुख रहने दीर्घकालीन विचार हो। प्रयत्नहरू असफल हुन सक्छन् र सफल प्रयत्नहरू पनि क्रमश: क्षीण हुँदै जान सक्छन्। प्रणालीमा नयाँनयाँ शक्तिहरू भित्रिँदै गएका हुन्छन्। त्यस्ता शक्तिहरूले प्रणालीलाई कमजोर पार्दै वा बलियो बनाउँदै लैजान सक्छन्। त्यसैले पुन:उत्थानशीलतामा निरन्तर अनुगमन, पुनर्ताजगी र पुनर्प्रतिबद्धताको प्रयत्न आवश्यक भइरहन्छ। यस्ता प्रयत्नले सोचे अनुरूपकै परिणाम दिन्छन् भन्न सकिँदैन। व्यवहारमा वा रणनीतिमा अनिश्चितता अन्तर्निहित हुन्छ। तर, हामीसँग अर्को दिन र अर्को अवसर उपलब्ध भइरहन्छ। त्यसैले लेखकद्वय भन्छन्– पुन:उत्थानशीलताको हिसाबले हरेक दिन एउटा मौका हो। हरेक दिन पहिलो हो।

**समीक्षक नेपाल झोलुंगे पुल कार्यक्रममा टोली प्रमुखको रूपमा संलग्न छन्। ग्रामीण पूर्वाधारका विषयमा विशेष चासो राख्छन्।**

# जलवायु परिवर्तनको राजनीति




पुस्तक : *द पलिटिक्स अफ क्लाइमेट चेन्ज*

लेखक : एन्थोनी गिडेन्स

प्रकाशक : पोलिटी प्रेस, २००९

पृष्ठ : २६४

ISBN: 978-0-7456-4693-0

**समीक्षक : सुजन सुवेदी**

विश्व जलवायु परिवर्तनको विषयलाई कसरी बुझ्ने ? यो वैज्ञानिक, राजनीतिक, आर्थिक, वातावरणीय, नैतिक अथवा कस्तो विषय हो? अहिले विभिन्न विज्ञ, क्षेत्र र पक्षका विचारकहरूले अनेक तरहका कुरा अगाडि ल्याउने गरेका छन्। वास्तवमा भन्ने हो भने जलवायु परिवर्तनको विषयमा निकै ठूलो राजनीति भइरहेछ। वैज्ञानिक हिसाबमा त हरितगृह ग्यासले पार्ने प्रभावबारे सन् १८५४ मै जोन टिन्डल जस्ता वैज्ञानिकले अध्ययन गरिसकेका थिए। त्यस कालखण्डपछि झन् विश्व व्यवस्था खनिज तेल प्रयोग गर्दै कथित 'प्रगति' को बाटोमा अघि बढ्यो। यो बाटोबाट सुविधा हासिल भयो; भौतिक पूर्वाधार, उद्योग, यातायात र तत्काल जीवनशैली सहज तुल्याउने विकास भयो। तर, यस्तो विकासबाट पृथ्वी र यहाँका बासिन्दाले निरन्तर जलवायु परिवर्तनको दुष्परिणाम भोग्नुपर्ने डरलाग्दो स्थिति पनि उत्पन्न भयो।

सन् १९९२ मा रियो दि जेनेरोमा सम्पन्न 'पृथ्वी शिखर सम्मेलन' बाट जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (यूएनएफसीसीसी) को अनुमोदन भएसँगै यो विषयले अन्तर्राष्ट्रिय मुद्दाको रूपमा औपचारिक स्वरूप ग्रहण गर्‍यो। उक्त महासन्धिको मूल उद्देश्य थियो– वायुमण्डलमा रहेको हरितगृह ग्यासको बढ्दो मात्रालाई स्थिर गर्ने। तर, विभिन्न कारणहरूले गर्दा हरितगृह ग्यासको मात्रालाई सोचे अनुरूप स्थिर गर्न सकेको स्थिति अहिलेसम्म पनि छैन। यूएनएफसीसीसीको सिद्धान्तमा उल्लिखित 'कमन बट डिफरेन्सिएटेड रेस्पोन्सिबिलिटी (सिबिडिआर)' ले विकसित राष्ट्रहरूलाई जलवायु परिवर्तनको अगुवा कारकका रूपमा प्रस्तुत गर्दै नेपाल लगायत अन्य विकासशील राष्ट्रहरूलाई सहयोग गर्न प्रतिबद्ध तुल्याउने प्रयास गरेको छ। हरितगृह ग्यास उत्सर्जनमा कटौती, कार्बन व्यापार, स्वच्छ विकास संयन्त्र र जलवायु परिवर्तन अनुकूलन कोषको स्थापना जलवायु परिवर्तनसँग सम्बन्धित क्योटो प्रोटोकलका विशिष्ट आयाम हुन्।

सन् २००९ मा कोपनहेगनमा आयोजित सम्मेलनमा सहभागी मुलुकहरूले विश्वको औसत तापक्रम दुई डिग्री सेल्सियसभन्दा माथि जान नदिने विश्वास दिलाउन खोजे पनि त्यस्तो सम्भाव्यता कमै देखिन्छ। आउँदो डिसेम्बर महीनामा फ्रान्सको राजधानी प्यारिसमा हुने भनिएको बैठकको महत्त्वपूर्ण प्रश्न पनि जलवायु राजनीतिसँगै जोडिएको छ।

### 'द पलिटिक्स अफ क्लाइमेट चेन्ज'

जलवायु परिवर्तन सम्बन्धी मुद्दाहरूबारे थुप्रै कृतिहरू प्रकाशित भइसकेका छन् । वैज्ञानिक हिसाबबाट मात्रै हेरिने यो विषयलाई निकोलस स्र्टनले अर्थको आँखाबाट पनि व्याख्या गरिसकेका छन् । वर्तमान जगत्का दिग्गज समाजशास्त्रीका रूपमा परिचित एन्थोनी गिडेन्सद्वारा सन् २००९ मा रचित *द पलिटिक्स अफ क्लाइमेट चेन्ज*ले भने यसमा नयाँ आयाम थप्दै जलवायु परिवर्तनलाई प्राविधिक, आर्थिक एवं नैतिकभन्दा पनि राजनीतिक समस्याको रूपमा चित्रण गरेको छ । औपन्यासिक शैलीमा लेखिएको यो पुस्तक वास्तवमा जलवायु परिवर्तनको राजनीतिक गाथा हो र अध्ययनका लागि रोचक पनि छ।

३० भन्दा बढी पुस्तकका सर्जक गिडेन्सले जलवायु परिवर्तनको विज्ञान तथा सो विज्ञानलाई चुनौती दिने र नमान्ने सन्देहकर्ताहरूबारे सामान्य लेखाजोखा गरेका छन्। गिडेन्स आफ्नो पुस्तकमा विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तनसँग जोडिएका विविध चुनौती तथा असरहरूको वर्णन गर्छन् तर पुस्तकको मूल मर्म जलवायु परिवर्तन विज्ञान होइन। गिडेन्स भन्छन्– चुनौती र असरहरू प्राविधिकभन्दा पनि राजनीतिक हुन्। राजनीतिलाई नजरअन्दाज गरी लक्ष्य हासिल गर्न खोजिए सर्वोत्कृष्ट प्राविधिक योजनाले पनि सीमित सफलता मात्र हासिल गर्न सक्छ भन्ने उनको निर्क्योल छ।

पुस्तकले औद्योगिक राष्ट्रहरूमा भएका जलवायु परिवर्तन सम्बन्धी नीति र तिनको प्रभावबारे विस्तृत व्याख्या गरेको छ। सँगै लेखकले चीन र भारतको कार्बन उत्सर्जन र ती मुलुकहरूको जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय राजनीति पनि विश्लेषण गरेका छन्। नौ अध्याय रहेको यो पुस्तकले जलवायुजन्य जोखिम, हरित आन्दोलन, दिगो विकास, ऊर्जा, प्रविधि, कार्बन व्यापार, अनुकूलन, न्यूनीकरण, समानुकूलन र प्रदूषण चार्जलाई विश्लेषणात्मक ढंगले उठाएको छ। यसै गरी नीति तथा योजना, कलकारखाना, व्यापारिक संस्थाहरू, राष्ट्रसंघीय तथा अन्य अन्तर्राष्ट्रिय निकायहरू, गैरसरकारी संस्थाहरू, सम्बद्ध विषयवस्तुका वार्ता र भू-राजनीतिबारे पनि पुस्तकले विवेचना गरेको छ। लेखक यी विषयहरूका उदाहरण एवं कथनलाई दरिलो विश्लेषण मार्फत राजनीतिसँग जोड्छन्। लखेकका विश्लेषण मननयोग्य छन्। गिडेन्सको मान्यता हो– जलवायुजन्य संकटलाई समाधान गर्न सरकारले नै महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ।

### ऊर्जाको स्रोत

जलवायु परिवर्तनको छलफलमा खनिजजन्य ऊर्जाहरू जस्तै : तेल, ग्यास र कोइलाको दोहनमा विश्वशक्तिको राजनीतिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। खनिज तेलसँग सम्बन्धित राजनीतिको एउटा उत्कृष्ट पुस्तक डेनियल यर्गिनद्वारा लेखिएको *द प्राइज* हो (जसको समीक्षा मन्थनको पहिलो अंकमा प्रकाशित छ)। गिडेन्स भन्छन्– राजनीतिको आँखाबाट हेर्दा जलवायु परिवर्तनको मुद्दा निराकरण गर्ने मार्ग निस्कन सक्छ । प्रजातान्त्रिक र गैरप्रजातान्त्रिक राज्यहरूले वातावरणीय मुद्दाहरूमा बेग्लै भूमिका निभाउने गर्छन्। गिडेन्सको विश्लेषणले के रोचक तथ्य प्रस्तुत गर्छ भने प्रजातान्त्रिक राज्यहरू समाधान खोज्न तुलनात्मक रूपमा बढी उदार देखिन्छन्। कस्तो सरकारी संरचनाले कसरी जलवायु परिवर्तनको स्तर न्यून गर्ने दिशा निर्देश गर्न सक्छ भन्ने सन्दर्भ उनको विश्लेषणले दिन्छ। मुद्दाको महत्त्व ठूलो वा सानो जतिसुकै होस् राजनीतिक वा सरकार परिवर्तनले जलवायु परिवर्तनको मुद्दामा असर पार्ने पाटोलाई पुस्तकले औँल्याएको छ।

गिडेन्स भन्छन्– राजनीतिको आँखाबाट हेर्दा जलवायु परिवर्तनको मुद्दा निराकरण गर्ने मार्ग निस्कन सक्छ। प्रजातान्त्रिक र गैरप्रजातान्त्रिक राज्यहरूले वातावरणीय मुद्दाहरूमा बेग्लै भूमिका निभाउने गर्छन् । गिडेन्सको विश्लेषणले के रोचक तथ्य प्रस्तुत गर्छ भने प्रजातान्त्रिक राज्यहरू समाधान खोज्न तुलनात्मक रूपमा बढी उदार देखिन्छन्।

ऊर्जा संकट र जलवायु परिवर्तनबीच तादात्म्य खोज्नु पुस्तकको अर्को विशेषता हो। गिडेन्स भन्छन्– वास्तवमा हरितगृह ग्यासको उत्सर्जन कम गर्नु भनेको वैकल्पिक ऊर्जामा बढी लगानी गर्नु हो, जसले अन्ततोगत्वा प्रमुख औद्योगिक राष्ट्रहरूलाई कम प्रतिस्पर्धी बनाउँछ । यसो हुँदा धेरै राष्ट्रहरू बाध्यात्मक लक्ष्य प्राप्तिमा आफूलाई प्रतिबद्ध तुल्याउन चाहँदैनन्। यस्तो राष्ट्रिय स्वार्थले जलवायु परिवर्तनको राजनीतिमा ठूलो भूमिका खेलेको छ, जसले जलवायु परिवर्तनलाई विगतदेखि नै प्रभाव पार्दै आइरहेको छ।

पुस्तक भन्छ– ऊर्जा, यातायात र उत्पादनको क्षेत्रमा पुनर्संरचनाको गतिलाई द्रुततर तुल्याउने हो भने प्राविधिक सफलता प्राप्त गर्न सकिन्छ, जसको माध्यमले मानव सभ्यता र जलवायु परिवर्तन समायोजन हुन सक्छन्। उदाहरणका लागि मितव्ययी मोटर गाडीको



प्रयोग गर्ने र हवाई यात्राको क्रम घटाउने हो भने हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण गर्न टेवा पुग्छ। तर, यस्ता क्रियाकलापहरू व्यक्तिगत निर्णय र व्यवहारसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। वैकल्पिक ऊर्जा तथा प्रविधिको प्रवर्द्धनले रोजगारीका अन्य अवसर त सिर्जना हुन्छन् नै तर यसैका कारण परम्परागत ऊर्जामा आधारित उद्योगहरूमा आबद्ध मजदुरहरूले रोजगारी गुमाएका प्रसंग पनि लेखक प्रस्तुत गर्छन्। कुनैकुनै राष्ट्रहरू जलवायु परिवर्तनको न्यूनीकरण प्रयासमा पछाडि हट्नुको एउटा कारणलाई यस प्रसंगले पनि प्रस्ट्याउँछ।

## राज्यको भूमिका

हरितगृह ग्यासको उत्सर्जन घटाउने क्रममा राज्यको संलग्नता महत्त्वपूर्ण पक्ष हो। उत्तरदायी राज्यले सधैँ विभिन्न समुदाय, सर्वसाधारण र नागरिक समाजलाई जलवायु परिवर्तन सम्बन्धी नीति तर्जुमा गर्ने प्रक्रियामा समावेश गरेको हुन्छ। तर, एउटा मुलुकले हरितगृह ग्यासको उत्सर्जन घटाउन अवलम्बन गरेको नीति अर्को राष्ट्रिय परिप्रेक्ष्यमा उपयुक्त नहुन पनि सक्छ। रोजगारी जस्ता आर्थिक पक्षमा असर पुग्न जाने कुराहरूले पनि यसमा भूमिका खेलेका हुन्छन्। यस सन्दर्भका कारणहरूलाई (जस्तै : किन हरितगृह ग्यासको उत्सर्जन धेरै गर्ने कतिपय राष्ट्रहरूले क्योटो प्रोटोकल अनुमोदन गरेनन्?, किन त्यस्ता राष्ट्रहरू क्योटो प्रोटोकलको दोस्रो प्रतिबद्धताबाट विमुख भए?, किन यूरोपियन युनियनका कतिपय सदस्य राष्ट्रहरूले हरितगृह ग्यास न्यूनीकरण गर्न सक्रिय भूमिका निभाइरहेका छन्? जस्ता प्रश्नहरूको जवाफ) पाठकले गिडेन्सको पुस्तक मार्फत आँकलन गर्न सक्छन्।

लेखकले जलवायु परिवर्तनमा भू-राजनीतिक भूमिका पनि प्रस्तुत गरेका छन्। उनले संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले अन्तर्राष्ट्रिय बाध्यकारी सम्झौता मार्फत जलवायु परिवर्तनमा योगदान पुऱ्याइरहेको कुरा उल्लेख गरेका छन्। सांघाई को-अपरेसन अर्गनाइजेसन र यस्तै अन्य संस्थाहरू अस्तित्वमा कसरी आए भन्ने कुरा पनि विश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन्। जलवायु परिवर्तनलाई राष्ट्रिय नीति र विविध अन्तर्राष्ट्रिय समूहहरू (जस्तै : विश्व व्यापार संगठन, जी-एट मुलुक) बीच भएका नीति तथा सम्झौताहरूले समेत असर पार्छन्। गिडेन्सले अफ्रिका र आर्कटिक जस्ता क्षेत्रमा स्रोतका लागि शक्तिशाली राष्ट्रहरूबीच शुरू भएको प्रतिस्पर्धाको विषयलाई पनि सुन्दर ढंगले प्रस्तुत गरेका छन्।

प्रतिकूल जलवायुले विगतमा धेरै पुराना सभ्यताहरूको सर्वनास गऱ्यो। वास्तवमा जलवायु परिवर्तनले अतुलनीय मानवीय पीडाको सिर्जना गर्छ र जब यस्ता पीडाहरू ऊर्जा संकटसँग जोडिन्छन् तब ठूला द्वन्द्व, महामारी, अन्तर्राष्ट्रिय आतंकवाद, आणविक हतियारको विकास तथा विस्तार जस्ता सामूहिक विनाशका परिदृश्यहरू समेत अगाडि देखिन्छन्। लेखक भन्छन्– यिनै कारणहरूले हामी एक हदसम्म राजनीतिक नेतृत्वकै हातमा छौँ। जलवायु परिवर्तनको असर सबैतिर व्यापक छ। यो कुनै प्रशासनिक दायराभित्र सीमित छैन। यसो हुँदा यस सन्दर्भमा सबै राष्ट्रहरूको सामूहिक सहकार्य आवश्यक हुन्छ। गिडेन्स उल्लेख गर्छन्– जलवायु उत्सर्जनलाई कम गर्न प्रभावकारी भूमिका खेल्ने हो भने राज्यले विभिन्न निकाय, संघ-संस्थालगायत अन्य राष्ट्र र अन्तर्राष्ट्रिय निकायहरूसँग मिलेर काम गर्नुपर्ने हुन्छ।

## अनुकूलन

पुस्तकले जलवायु परिवर्तनको असर र यसबाट सिर्जित प्रभावहरूसँग जुध्न अनुकूलनलाई एउटा प्रमुख विकल्पको रूपमा सुझाएको छ।

**हरितगृह ग्यासको उत्सर्जन कम गर्नु भनेको वैकल्पिक ऊर्जामा बढी लगानी गर्नु हो, जसले अन्ततोगत्वा प्रमुख औद्योगिक राष्ट्रहरूलाई कम प्रतिस्पर्धी बनाउँछ। यसो हुँदा धेरै राष्ट्रहरू बाध्यात्मक लक्ष्य प्राप्तिमा आफूलाई प्रतिबद्ध तुल्याउन चाहँदैनन्।**

अनुकूलनको प्रश्न जलवायु परिवर्तनको वार्ता प्रक्रियामा पनि महत्त्वपूर्ण ढंगले प्रस्तुत हुने गरेको पाइन्छ। अझ नेपाल जस्ता अल्पविकसित राष्ट्रहरूमा त अनुकूलन नीतिको तयारी गर्दा राष्ट्रिय तथा स्थानीय तहमा को, कहाँ, कसरी संकटमा छ भन्ने विस्तृत चित्रांकनकै आवश्यकता पर्ने लेखक सुझाव दिन्छन्। नेपाल सरकारले तयार पारेको स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (लापा) को परिकल्पना पनि राष्ट्रिय स्तरको अनुकूलन योजना तयारीको क्रममा नै आएको हो। स्थानीय तहमा अनुकूलनका क्रियाकलापहरू कार्यान्वयन भइरहेका उदाहरणहरू पनि छन्। छिमेकी मुलुक बंगलादेशमा अपनाइएको तैरिएको बगैँचा प्रविधिलाई गिडेन्स अनुकूलनको राम्रो उदाहरणको रूपमा प्रस्तुत गर्छन् जुन तटीय क्षेत्रहरूमा उपयोगी हुन सक्छ।

जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई प्रतिरोध गर्न आर्थिक पाटो महत्त्वपूर्ण हुन्छ। वैज्ञानिक विधिको आदानप्रदान, प्रविधि हस्तान्तरण र संकटमा परेका मुलुकहरूलाई प्रत्यक्ष सहयोग गरेर त्यस्ता मुलुकहरूको संकट सम्बोधन गर्न सकिन्छ। अल्पविकसित राष्ट्र नेपालले जलवायु परिवर्तन नीतिसहित थुप्रै परियोजनाहरू कार्यान्वयन गरिरहेको छ। नेपाल अन्तर्राष्ट्रिय जलवायु परिवर्तनको वार्ता प्रक्रियामा अल्पविकसित राष्ट्रहरूको अध्यक्षको रूपमा दुई वर्ष कार्यरत पनि रह्यो। गिडेन्सले गरेको तर्कझैँ नेपाल सरकारले यस प्रक्रियामा आफ्नो दायित्व सफलतापूर्वक निर्वाह गऱ्यो कि गरेन भन्ने कुरा पनि विचारणीय छ।

## र, अन्तमा

समग्रमा पुस्तकले जलवायु परिवर्तनका विविध पक्षहरूलाई उपयुक्त कथन तथा उदाहरणसहित प्रस्तुत गर्दै यसलाई राजनीतिसँग प्रत्यक्ष तथा परोक्ष रूपमा जोडी विवेचना गर्ने प्रयत्न गरेको छ। जलवायु परिवर्तनको सन्दर्भमा विकसितभन्दा विकासशील राष्ट्रका नागरिकहरूमा बढी चासो रहेको तथ्य पुस्तकमा उल्लेख छ। मानव समाज ती पूर्वका हुन् वा पश्चिमका, राजनीतिबाट अलग छैनन्। प्लेटोदेखि चाणक्यसम्मका कथनहरूले यही तथ्य उजागर गर्छन्। विकसित मुलुकहरूले आफ्नो विकासक्रममा लिएका नीति मार्फत कुनै न कुनै हिसाबले जलवायु परिवर्तनलाई तीव्रता प्रदान गरे। खनिज तेलमा आधारित आर्थिक एवं अन्य पाटोमा जकडिएका विकसित मुलुकहरूको राजनीतिक व्यवस्था वास्तवमा नितान्त 'कार्बन निरपेक्ष' बाटो लिन सक्ने स्थितिमा पनि छैन। क्याथोलिक धर्म गुरु पोपले हालसालै मानव सभ्यताले खनिज तेलमा आफ्नो निर्वाह कम गर्नुपर्ने भन्ने निर्क्योलसहितको प्रतिवेदन सार्वजनिक गरेका छन्। यसले आफ्नै खाले राजनीतिक तरंग सिर्जना गरेको छ, जसको एउटा पाटो आउँदो अमेरिकी राष्ट्रपतिको चुनावको क्रममा पनि देखिनेछ। यी सबै सन्दर्भलाई राजनीतिको आँखाबाट बुझ्न गिडेन्सको पुस्तक उपयोगी प्रस्थानबिन्दु हुन सक्छ।

**समीक्षक सुवेदी नेपाल सरकारको सेवामा छन्।**